भरतपुर महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय, भरतपुर, चितवन

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३(३) अनुसार प्रकाशित

२०७९ कार्तिक १ गते देखि २०७९ पौष मसान्तसम्मको विवरण समावेश गरिएको

# जानकारीमूलक पुस्तिका

प्रकाशन मितिः २०७९ माघ १६ गते

प्रकाशकः

भरतपुर महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय, भरतपुर, चितवन

फोन नं. ०५६-५१५७७१, ०५६-५११०८०, ०५६-५११४६७

वेवसाईटः www.bharatpurmun.gov.np

ईमेलः bmc@ntc.net.np, info@bharatpurmun.gov.np

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को परिच्छेद २ अनुसार जानकारी गराउनुपर्ने विवरण

प्रमुख प्रशासकीय अधिकृत

## १. निकायको स्वरुप र प्रकृति

परिचय

- प्रदेश : बागमती प्रदेश
- जिल्लाः चितवन
- स्थापना मितिः २०३५ साल
- क्षेत्रफलः ४३२.९५ बर्ग कि.मी.
- वडा संख्याः २९
- दीर्घकालिन सोचः "मध्य नेपालको सुन्दर शहर, समृद्ध र सु संस्कृत भरतपुर महानगर"
- घरधुरीः ७७८३८ जनसंख्याः ३,६९,३७७ महिलाः १,८९,६३३ पुरुषः १,७९,७४४ (राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा अनुसार महानगरको जनसंख्या वितरण)
- कार्यरत कर्मचारी संख्याः ७७१
- उचाई १४० मिटरदेखि ३९० मिटरसम्म
- औसत तापक्रमः न्यूनतम १०० से. देखि अधिकतम ४००.०० से. सम्म
- विद्यालयः प्रा. वि. ४५ , नि. मा. वि.३६, मा. वि. ६७, उच्च मा. वि. ६६, विश्व विद्यालय १ र इन्जिनियरिङ्ग कलेज १, विशेष विद्यालय ३

## २. निकायको काम, कर्तव्य र अधिकार

- नगर प्रहरी व्यवस्थापन
- सहकारी संस्था व्यवस्थापन
- एफ. एम. संचालन
- स्थानीय कर, सेवा शुल्क तथा दस्तुर
- स्थानीय सेवाको व्यवस्थापन
- स्थानीय तथ्यांक र अभिलेख संकलन
- स्थानीय स्तरका विकास आयोजना तथा परियोजना

- आधारभूत र माध्यमिक शिक्षा
- आधारभूत स्वास्थ्य र सरसफाई
- स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता
- स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिंचाइ
- गाउँ सभा, नगर सभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन
- स्थानीय अभिलेख व्यवस्थापन
- जग्गा धनी दर्ता प्रमाण पूर्जा वितरण
- कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य सहकारी
- जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन
- बेरोजगारको तथ्याङ्क सङ्कलन
- कृषि प्रसारको व्यवस्थापन, सचांलन र नियन्त्रण
- खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक उर्जा
- विपद् व्यवस्थापन
- जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण
- भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास

## ३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण

भरतपुर महानगरपालिकाको कुल स्थायी कर्मचारी ४१९, कुल करार कर्मचारी ९७, कुल करार कर्मचारी स्वास्थ्य ९८, कुल ज्यालादारी कर्मचारी १४०, डोर हजिरीका कर्मचारी १७ गरी जम्मा ७७१ कर्मचारी कार्यरत छन् ।

## ४. निकायबाट प्रदान गरिने सेवा, सम्बन्धित शाखा, जिम्मेवार अधिकारी लाग्ने दस्तुर र अवधि



### अनुसूची -१०
(ऐनको दफा १२ उपदफा (१) को सम्बन्धित)

**सेवा, शुल्क, दस्तुर**

| क्र.सं. | नाम | इकाई | दर रु |
|---|---|---|---|
| १ | निवेदन दस्तुर | प्रतिपटक | २५।- |
| २ | सिफारिस | प्रतिपटक | |
| २.१ | **व्यक्तिगत वा पारिवारिक सिफारिस** | | |
| | नागरिकता (निवेदन र सिफारिस दस्तुर) | | निशुल्क |
| | राष्ट्रिय परिचय पत्र (निवेदन र सिफारिस दस्तुर) | | निशुल्क |
| | अपाङ्ग, असाहय, ज्येष्ठ नागरिक, छात्रवृति,असाहय, वृद्धा तथा विद्यार्थी विद्यालय भर्ना दस्तुर | | निशुल्क |
| | नाता प्रमाणित | | ७५।- |
| | नाता कायम | | ४७५।- |
| | परिवारिक विवरण | | ४७५।- |
| | बसोबास प्रमाणित | | ४७५।- |
| | नाबालक सिफारिस | | ४७५।- |
| | जन्ममिति प्रमाणित | | ४७५।- |
| | विवाहित/अविवाहित सिफारिस | | ४७५।- |
| | व्यक्ति प्रमाणित (जीवित रहेको समेत) | | ४७५।- |
| | स्वास्थ्य उपचार सिफारिस | | निःशुल्क |
| | आयश्रोत खुलाई गरिने छात्रवृत्ति सिफारिस | | ४७५।- |
| | उल्लेख नभएका सबै सिफारिस (व्यक्तिगत वा पारिवारिक) | | ४७५।- |
| २.२ | **व्यवसायिक सिफारिस** | | |
| | व्यवसाय दर्ता तथा संचालन सिफारिस | | ४७५।- |
| | पशुपालन र कृषि व्यवसाय तर्फको व्यवसाय | | निःशुल्क |
| | नयाँ व्यवसाय दर्ता प्रमाण पत्र दस्तुर | | ४७५।- |

| | | | |
|---|---|---|---|
| | व्यवसाय दर्ता प्रमाण पत्र प्रतिलिपी दस्तुर | | २००।- |
| | महानगरपालिकामा पछि समावेश भएका तत्कालिन गाविस, गाउँपालिका तथा नगरपालिकामा दर्ता भई सञ्चालनमा रहेका व्यवसायको हकमा अभिलेखीकरण प्रायोजनको लागि पुरानो व्यवसाय प्रमाणपत्र खिची नयाँ प्रमाणपत्र दिंदा | | निःशुल्क |
| | महानगरमा दर्ता भएका व्यवसाय बन्द नाम परिवर्तन र कारोवार थप *(ऐन बमोजिम लाग्ने पुरै वक्यौता कर लिने तर चालु आ. व. को पुष मसान्त भित्र वन्द गर्ने व्यवसायको हकमा चालु आ. व को व्यवसायकर नलिने )* | | ४७५।- |
| | महानगरमा दर्ता नभएका व्यवसाय बन्द तथा नाम परिवर्तन (ऐन बमोजिम लाग्ने कर पुरै लिएर) | | ४७५।- |
| | व्यवसाय नामसारी वा ठाँउसारी | | ४७५।- |
| | व्यवसाय नभएको सिफारिस | | १,५७५।- |
| | घरेलु उद्योग रहेको सिफारिस सर्जिमिन सहितको | | १,९७५।- |
| | कर चुक्ता प्रमाण पत्र | | निःशुल्क |
| २.३ | **घर र घर जग्गा सम्बन्धी (घरजग्गा सम्बन्धी सिफारिस गर्दा भुमिकर (मालपोत) र सम्पत्ति कर अनिवार्य तिरेको हुनुपर्ने)** | | |
| | घरजग्गा नामसारी (मालपोत प्रयोजन) | | १,५७५।- |
| | मृत्यू भएका व्यक्तिको नाममा रहेको सम्पत्ति हकवालामा नामसारी (मृत्यू दर्ता प्रमाणपत्र अनिवार्य) | | ४७५।- |

| | | | |
|---|---|---|---|
| | घर तथा बाटो भए नभएको (राजिनामा) रजिष्ट्रेशन पास प्रयोजनको लागि सिफारिस ) *बाटोको नाम अनिवार्य खुलाउनु पर्नेछ।* | | १,९७५।- |
| | घर तथा बाटो भए नभएको (अंशबण्डा, बकस, सट्टापट्टा लगायत) *बाटोको नाम अनिवार्य खुलाउनु पर्नेछ।* | | १,९७५।- |
| | फिल्डमा वाटो भएको नक्सामा नभएको खण्डमा फिल्ड हेरि बाटो प्रमाणित गर्दा | | ४७५।- |
| | **घर जग्गा मुल्याङ्कन रजिस्ट्रेशन पास प्रयोजनको लागि मूल्याकंन दस्तुर** | | |
| | पचास लाख सम्म | | १,५७५।- |
| | पचास लाख एक देखि पचहत्तर लाख सम्म | | १,९७५।- |
| | पचहत्तर लाख एक देखि एक करोड सम्म | | २,४७५।- |
| | एक करोड एक देखि पाँच करोड सम्म | | २,९७५।- |
| | पाँच करोड भन्दा माथी | | ४,९७५।- |
| २.४ | **संघ संस्थाको सिफारिस** | | |
| | संस्था नवीकरण सिफारिस | | ९७५।- |
| २.५ | **नामसारी, ठाँउसारी तथा जडान सिफारिस** | | |
| | खानेपानी जडान | | ४७५।- |
| | विद्युत (घरायसी) | | ४७५।- |
| | विद्युत (व्यापारिक प्रयोजन) | | ९७५।- |
| २.६ | **आवसीय प्रयोजनको लागि काठको सिफारिस** | | ४७५।- |
| २.७ | **बिजुली लाईन थ्रीफेज/ट्रान्समिटर सिफारिस** | | १,९७५।- |
| | सहकारी/कृषी संस्था तर्फ | | ९७५।- |
| | लघु घरेलु तर्फ सिफारिस दस्तुर | | १,४७५।- |
| | साना उद्योग तर्फ सिफारिस दस्तुर | | २,९७५।- |
| | ठुला उद्योग तर्फ घरेलु सिफारिस | | ४,९७५।- |

| | | | |
|---|---|---|---|
| **३.** | **दस्तुर** | | |
| **३.१** | **नाम परिवर्तन दस्तुर**<br>*राज्यको नीति अनुरुप बाध्यकारी रुपमा नाम परिवर्तन गर्दा शुल्क लाग्नेछैन ।* | | |
| | एक पटक महानगरपालिकाबाट लिएका सिफारिस तथा प्रमाण पत्र प्रमाणित गर्दा सोही आर्थिक वर्षभित्र दस्तुर | | निःशुल्क |
| **३.२** | **निर्माण (ठेक्कापट्टा) व्यवसायी दस्तुर** | | |
| **३.२.१** | **घ वर्ग (महानगरले नै नियमन गर्ने)** | | महानगरपालिकामा व्यवसाय दर्ता भएको हुनुपर्ने तर इजाजत पत्र नविकरण भए पछि व्यवसाय कर लाग्ने छैन। |
| | इजाजत पत्र दस्तुर घ वर्ग | | २५०००।- |
| | इजाजत नवीकरण दस्तुर (श्रावण देखि असोजसम्म) | | १०,०००।- |
| | इजाजत नवीकरण गर्न म्याद भित्र नआएमा थप दस्तुर रु २००० समेत गरी (कार्तिक देखि आषाढ सम्म) | | १२,०००।- |
| | इजाजत पत्र प्रतिलिपि | | १,०००।- |
| | इजाजत पत्र नामसारी /ठाउँसारी | | ५,०००।- |
| **३.२.२** | वार्षिक सूचिकृत दस्तुर (अन्य निकायले नियमन गर्ने) | | |
| | क वर्ग | | १०,०००।- |
| | ख वर्ग | | ७,०००।- |
| | ग वर्ग | | ५,०००।- |
| **३.२.३** | **इन्जिनियरिङ्ग सूचीकृत तर्फ** | सूचीकृत दस्तुर (पहिलो वर्ष मात्र) | बार्षिक नविकरण |
| | स्ट्रकचरल, जियो टेक्निकल, आर्किटेक लगायतका जनशक्ति इन्जिनियर भएको फर्म | ७५००।- | ३०००।- |
| | इन्जिनियर भएको फर्म | ६५००।- | २०००।- |

| | | | |
|---|---|---|---|
| | सव इन्जिनियर भएको फर्म | ५०००।- | १,०००।- |
| ३.२.४ | **टावर अनुमति दस्तुर** | | बार्षिक नविकरण |
| | टेलिफोन टावर अनुमती दस्तुर | ७०००।- | ३५००। |
| | मोवाइल टावर अनुमती दस्तुर | ५०००।- | २०००। |
| ३.२.५ | **जग्गा विकास अनुमति(प्लटिङ) दस्तुर प्रति विघा** | ३०,०००।- | |
| | डिप वोरिङ इजाजत व्यापारिक प्रयोजनका लागि | ३५,०००।- | |
| | डिप वोरिङ इजाजत अन्य प्रयोजनका लागि | १५,०००।- | |
| ३.२.६ | **प्रचार प्रसार स्टल सार्वजनिक स्थलमा (४*५) फिट सम्म प्रति दिन** | | |
| | व्यवसायिक प्रयोजन | ३०००।- | |
| | सूचनामूलक सामाग्री | १०००।- | |
| | **२०व.फी. भन्दा ठूलो भएमा प्रति वर्ग फिट प्रति दिन रु १००।–थप गरि अनुमति दिन सकिनेछ।** | | |
| ३.२.७ | महानगरपालिका क्षेत्र भित्र मेला,महोत्सव तथा प्रदशनी जस्ता कार्यक्रम संचालन गर्दा | मेला,महोत्सव तथा प्रदशनी संचालन कार्यविधि,२०७६ मा तोकिएको कर तथा शुल्क बुझाई महानगरपालिका बाट अनिवार्य अनुमति लिई सञ्चालन गर्नु पर्नेछ। | |
| ३.३. | **प्रमाण पत्र तथा फाराम दस्तुर** | | |
| | नक्सापास फाराम | | १,०००।- |
| | नक्सापास फाराम (अभिलेखीकरण गर्दा मात्र) | | ५००।- |
| | सवारी कर प्रमाण पत्र दस्तुर | | १००।- |
| | घर बहाल कर पुस्तिका दस्तुर | | निशुल्क |
| ३.४. | **वैदेशिक प्रयोजनको लागि मूल्याकंन दस्तुर** | | |
| | पच्चिस लाख सम्म | | १,५००।- |

| | | | |
|---|---|---|---|
| | पच्चिस लाख एक देखि पचास लाख सम्म | | २,०००।- |
| | पचास लाख एक देखि पचहत्तर लाख सम्म | | ३,०००।- |
| | पचहत्तर लाख एक देखि एक करोड सम्म | | ४,०००।- |
| | एक करोड एक देखि एक करोड पचास लाख सम्म | | ५,०००।- |
| | एक करोड पचास लाख एक देखि दुई करोड सम्म | | ६,०००।- |
| | दुई करोड एक देखि दुई करोड पचास लाख सम्म | | ७,०००।- |
| | दुई करोड पचास लाख एक देखि तीन करोड सम्म | | ८,०००।- |
| | तीन करोड एक देखि चार करोड सम्म | | १०,०००।- |
| | चार करोड एक देखि पाँच करोड सम्म | | १२,०००।- |
| | छ करोड भन्दा माथि रु. १२,००० पछिको रकममा प्रति सय ०.०३ पैसाका दरले हुने रकम हिसाब गरिलिने | | |
| | एक पटक मूल्याङ्कन दस्तुर लिई दिइएको सिफारिसमा सोही आर्थिक वर्षभरी नवीकरण गर्दा<br>*पुनश्चः मूल्याङ्कन रकममा परिवर्तन गरेको भएमा उल्लेख भए बमोजिमको दस्तुर लिन बाधा पर्नेछैन।*<br>*बैदेशिक प्रयोजनको लागि एक आर्थिक वर्ष भन्दा माथी आम्दानीको श्रोत देखाई मुल्याङ्कन गर्दा थप गरिएको वर्षको लागि लाग्ने राजस्व रकममा ५० प्रतिशत छुट दिइनेछ।तर एक बर्षको मात्र आम्दानीको श्रोत देखाई मुल्याङ्कन गर्दा यो नियम लागु हुने छैन।* | | मूल्याङ्कन दस्तुर लाग्नेछैन तर सिफारिस दस्तुर लाग्नेछ। |
| ३.५. | आयस्रोत प्रमाणित | | |
| | न्यूनतम (१० लाख सम्म) | | ९७५।- |
| | १० देखि २० लाख सम्म प्रति लाख | | १००।- |
| | २० भन्दा माथिको रकममा प्रति लाख | | २००।- |
| ३.६. | चार किल्ला सिफारिस दस्तुर | | |

| | | | |
|---|---|---|---|
| | २ कठ्ठा भन्दा कम जग्गा | | ९७५।- |
| | २ कठ्ठा भन्दा बढी जग्गा | | १५७५।- |
| ४. | शुल्क | प्रतिपटक | |
| ४.१ | प्रयोगशाला शुल्क | | |
| ४.१.१ | स्वास्थ्य तर्फको | | |
| | नेपाल सरकारको सूची बमोजिमका रोगहरु (टि.वि., मलेरिया, कुष्ठरोग, मधुमेह, गर्भवती र टि.वि. रोगको लागि HIV लगायत) को प्रयोगशाला परीक्षण | | निःशुल्क |
| | *पुनश्चः प्रयोगशाला संचालनको लागि कर्मचारी दरवन्दी नभएका स्वास्थ्य संस्थाले प्रयोगशाला संचालन गरेको हकमा परीक्षण प्रकृति (Lab Test) अनुसार समितिले निर्णय गरी महानगरपालिका अन्तरगतका अन्य स्वास्थ्य संस्थासँग एकरुपता कायम गरी शुल्क तोक्नुपर्नेछ ।* | | |
| ४.१.२ | निर्माण प्रयोगशाला | | |
| | **महानगरीय निर्माणमा** | | |
| | Core Cutting | प्रति नमुना (Per Sample) | ५००।- |
| | Subgrade/Subbase, Base Course Layer | प्रति नमुना (Per Sample) | १,०००।- |
| | **महानगरपालिका बाहिरका निर्माणमा** | | |
| | Core Cutting | प्रति नमुना (Per Sample) | ६५०।- |
| | Subgrade/Subbase, Base Course Layer | प्रति नमुना (Per Sample) | १,२००।- |
| ४.२ | बसपार्क व्यवस्थापन शुल्क | | |
| ४.२.१ | शौचालय/बाथरुम | | |
| | सार्वजनिक शौचालय | प्रति पटक | |
| | पिसाब गरेको | प्रति पटक | ५।- |
| | दिसा गरेको | प्रति पटक | १०।- |

| | | | |
|---|---|---|---|
| | नुहाएको | प्रति पटक | २०।- |
| | घुम्ती शौचालय भाडा | | |
| | कार्यालयको १५ कि.मी भित्र | प्रतिदिन | १,५००।- |
| | कार्यालय भन्दा १५ कि.मी. बाहिर | प्रतिदिन | २,५००।- |
| | अन्य स्थानीय तहको लागि | प्रतिदिन | ३,०००।- |
| ४.२.२ | **बस पार्क प्रवेश शुल्क** | | |
| | लामो दुरीका बस, मिनीबस | पटक | ६०।- |
| | लामो दुरीका माइक्रो बस, जीप | पटक | ५०।- |
| | छोटो दुरीका बस, मिनीबस | पटक | ५०।- |
| | छोटो दुरीका माइक्रो वस, जीप | पटक | ४०।- |
| | स्थानीय रुट बस. मिनीबस, माइक्रो बस | प्रतिपटक | ३५।- |
| | सिटी रुट बस, मिनीबस, माइक्रो बस, टेम्पु (अटो तथा ई रिक्सा), जीप म्याजिक | प्रतिपटक | २०।- |
| | सामान ढुवानीका लागि जीप टर्मिनल भित्र प्रवेश गर्दा | प्रतिपटक | १०।- |
| | सामान ढुवानीका लागि ट्रक टर्मिनल भित्र प्रवेश गर्दा | प्रतिपटक | ४०।- |
| | सामान ढुवानीका लागि ट्याक्टर टर्मिनल भित्र प्रवेश गर्दा | प्रतिपटक | २०।- |
| | मोटरसाइकल पार्किङ्ग | प्रतिघण्टा | १०।- |
| | कार पार्किङ्ग | प्रतिघण्टा | १५।- |
| ४.२.३ | **अम्ब्रेला स्ट्रिट पटिहानीको आन्तरीक आय संकलन सम्बन्धी दर/रेट** | | |
| १. | प्रवेश शुल्क | | |
| | नेपाली नागरीक | प्रतिपटक | २५/- |
| | भारतीय नागरीक | प्रतिपटक | ४०/- |
| | अन्य सार्क मुलुकका नागरीक | प्रतिपटक | ५०/- |
| | सार्क मुलुक बाहेकका अन्य देशका नागरीक | प्रतिपटक | ७५/- |

| | | | |
|---|---|---|---|
| | ७० बर्ष उमेर भन्दा माथिका जेष्ठ नागरीक र अपाङ्गहरु | प्रतिपटक | निःशुल्क |
| २. | **पार्किङ शुल्क** | | |
| | बस | प्रतिपटक | १००/- |
| | मिनि बस | प्रतिपटक | ७५/- |
| | जिप | प्रतिपटक | ५०/- |
| | कार | प्रतिपटक | ४०/- |
| | टेम्पो, इ-रिक्शा | प्रतिपटक | १५/- |
| | मोटर साइकल | प्रतिपटक | १०/- |
| | साइकल | प्रतिपटक | ५/- |
| ४.३ | नयाँ घर नं. प्लेट शुल्क प्रति एक (पहिला दिएको पुरानो निलो प्लेट भएकालाई निःशुल्क दिइनेछ) | | २००।- |
| ४.४ | मर्मत सम्भार शुल्क | | |
| | खानेपानीको लागि पीच बाटो काट्ने अनुमति मुलबाटो मर्मत | | ल.ई. रकम |
| | खानेपानीको लागि पीच बाटो काट्ने अनुमति सहायक बाटो शुल्क | | ल.ई. रकम |
| | खानेपानीको लागि ग्राभेल बाटो काट्ने अनुमति शुल्क | | ल.ई. रकम |
| ४.५ | **भाडामा लिएको कोठा खोल्नको लागि सेवा शुल्क प्रति कोठा** | | **१,५००।-** |
| | **आर्थिक कारोवार, वैना वट्टा एवं विविध लेनदेन गर्दा लिखत प्रमाणित दस्तुर** | | **२००।-** |
| | **विमा सिफारिस प्रयोजनार्थ वडावाट सर्जमिन मुचुल्का गर्दा सिफारिस दस्तुर** | | **४७५।-** |
| ४.६ | **नर्सिङ, एच.ए., इन्जिनियरिङ संस्थानबाट महानगरपालिका अध्ययन अध्यापन वापत दस्तुर सहित स्वीकृत गर्ने प्रति पटक** | | **५,०००।-** |

| | | | |
|---|---|---|---|
| ४.६.१ | नर्सिङ, एच.ए., इन्जिनियरिङ संस्थानबाट महानगरपालिका अध्ययन अध्यापन वापत दस्तुर सहित स्वीकृत गर्ने प्रति विद्यार्थी प्रति पटक | | ४७५।- |
| ४.६.२ | जुनसुकै विवाद वडा/महानगरपालिकामा मेलमिलाप भएमा दुबै पक्षवाट ५०/५० प्रतिशत व्यहोर्ने गरि वक्सौनी दस्तुर वापत | | १,०००।- |
| ४.६.३ | लेनदेनको विगो भराइदिए वापत विगो भरि पाउने पक्षवाट वक्सौनी दस्तुर वापत | | विगोको ०.५ प्रतिशतले हुन आउने रकम |
| ४.६.४ | घर बहाल सम्बन्धि विवादमा विगो भराइदिए वापत विगो भरि पाउने पक्षवाट वक्सौनी दस्तुर वापत | | विगोको ०.५ प्रतिशतले हुन आउने रकम |
| ४.७ | पार्क प्रवेश शुल्क | प्रति व्यक्ति | १५।- |
| ४.८ | सरसफाई शुल्क<br>*फोहोरमैला व्यवस्थापन तथा सेवाशुल्क संकलनका सम्बन्धमा साविक भ.उ.म.न.पा. र निजी क्षेत्रबीच भएको सम्झौता पत्र अनुसूची ५ सेवा शुल्क दररेटमा उल्लेख भए बमोजिम लगाई उठाइनेछ ।* | | |
| ४.९ | कायाकिङ्ग, क्यानोनिङ्ग, जिपप्लायर, र्‍याफ्टिङ्ग | बार्षिक | ५,०००।- |
| ५. | नियमन तथा सूचीकृत | | |
| ५.१ | दर्ता तथा इजाजत | | |
| ५.१.१ | संघ संस्था दर्ता | | १,९७५।- |
| ५.१.२ | सहकारी संस्था दर्ता अनुमति | *महानगरपालिकाको सहकारी ऐन बमोजिम* | |
| | सहकारी संस्था ठाउँसारी दस्तुर | ९७५।- | |
| | सहकारी संस्थाको सेवा परिवर्तन दस्तुर | ९७५।- | |

| | | | |
|---|---|---|---|
| | वचत तथा ऋण सहकारीको सेवा केन्द्र विस्तारको लागी अनुमति लिँदा | २०००।- | |
| | महानगरपालिकाको सहकारी ऐन बमोजिम सहकारीको सिद्धान्त अनुरुपका कार्य *(मासिक प्रतिवेदन नवुझाउने, समय भित्र साधारण सभा नगर्ने लगायतका )* कार्यहरु नगर्ने सहकारीलाई प्रति सहकारी प्रति पटक विलम्व शुल्क | ५००।- | |
| ५.१.३ | एफ. एम. रेडियो दर्ता अनुमति | *महानगरपालिकाको एफ. एम. रेडियो व्यवस्थापन तथा संचालन कार्यविधि बमोजिम हुनेछ ।* | |
| ५.१.४ | चलचित्र घर निर्माण इजाजत *चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ बमोजिम* | | |
| | क र ख श्रेणी | | ३०,०००।- |
| | ग श्रेणी | | २५,०००।- |
| ५.२ | **अमिन खटाउँदा लिने सेवा शुल्क** (निजी घर वा जगाबाट निजी घर वा जगाको सीमाना वा लगत कट्टा प्रयोजनको लागि) | | १,९७५।- |
| ५.३ | **नक्सा पास दस्तुर** | | प्रति वर्गफिट |
| ५.३.१ | हाइराइज भवन ५५ फिट भन्दा पनि माथि निर्माण हुनेमा सम्पूर्ण वर्ग फिटमा प्रति वर्ग फिट | | २०।- |
| ५.३.२ | व्यापारिक प्रयोजन | | |
| | **आर.सी.सी. फ्रेम स्ट्रक्चर** | | |
| | १००० वर्ग फिट भन्दा कम जमिन तला | | १०।- |
| | १००० वर्ग फिट भन्दा कम प्रथम तला | | १२।- |
| | १००० वर्ग फिट भन्दा कम दोस्रो, तेस्रो र चौथो | | १३।- |
| | १००० वर्ग फिट भन्दा बढी जमिन तला | | १२।- |
| | १००० वर्ग फिट भन्दा बढी प्रथम तला | | १३।- |

## ५. निर्णय गर्ने प्रक्रिया र अधिकारीः

सामान्य निर्णयहरु टिप्पणीको आधारमा महाशाखा प्रमुखबाट, प्रशासकीय निर्णय प्रमुख प्रशासकीय अधिकृतबाट र अन्य निर्णयको हकमा विषयवस्तु हेरी नगर प्रमुख, उप प्रमुख, कार्यपालिका बैठक र नगर सभाबाट गर्ने व्यवस्था रहेको छ ।

## ६. निर्णय उपर उजुरी सुन्ने अधिकारीः

यस महानगरबाट प्रदान गरिएको सेवामा चित्त नबुझेमा वा समयमा सेवा प्राप्त नभएमा प्रमुख प्रशासकीय अधिकृत श्री नरेन्द्रकुमार राना समक्ष गुनासो गर्न सकिने व्यवस्था रहेको छ ।

## ७. २०७९ कार्तिक देखि पौष मसान्तसम्म महाशाखा एवम् शाखाबाट सम्पादन भएका मुख्य मुख्य कार्यहरु

### शैक्षिक प्रशासन महाशाखा

- बालबालिकासंग मेयर कार्यक्रम अन्तर्गत ११ वटा विद्यालयका ९३४ जना विद्यार्थीलाई न्यानो कपडा वितरण गर्ने कार्यक्रम अन्तर्गत नदी किनार, जंगल र बिपन्न समुदायका बालबालिका पढ्ने विद्यालयहरुमा वितरण गरिएको ।
- अटिजम केयर सोसाइटी र भरतपुर महानगरको समन्वयमा सबै सामुदायिक विद्यालयमा गुनासो सुनुवाई सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न।
- सबै सामुदायिक विद्यालयका विद्यार्थीहरुको स्वास्थ्य परीक्षण कार्यक्रम अन्तर्गत आँखा र कानको परीक्षण सम्पन्न।
- अन्तराष्ट्रिय साक्षरता दिवसको अवसरमा मिति २०७९/०५/२३ मा भरतपुर महानगरको ४ वटा केन्द्रमा हाजिरी जवाफ प्रतियोगिता सञ्चालन ।
- शैक्षिक क्यालेन्डर प्रकाशन

## सूचना तथा सञ्चार प्रबिधि शाखा

- गत आ.व. २०७८/०७९ को वार्षिक समीक्षा कार्यक्रम सम्पन्न गरिएको ।
- इन्टरनेट व्यवस्थापन ।
- गरिब घर पहिचान तथा परिचयपत्र वितरणका कार्यक्रम अन्तर्गत तथ्यांक संकलन गर्नका लागि गणक परिचालन गरी हाल सम्म करिव ४५ हजार परिवारको लगत संकलन गरिएको।

## स्वास्थ्य तथा सामाजिक विकास महाशाखा

### जनस्वास्थ्य शाखा तर्फ

- भरतपुर महानगरपालिकाका सवै वडाहरुका स्वास्थ्य संस्था सञ्चालन गरी निःशुल्क आधारभूत स्वास्थ्य सेवा प्रदान गरिएको ।
- महिला तथा बालबालिकाहरुको स्वास्थ्यलाई उच्च प्राथमिकतामा राखी स्वास्थ्य संस्थामा सुत्केरी हुन जाने महिलाका लागि निशुल्क एम्वुलेन्स यातायात खर्चको व्यवस्था गरिएको
- ६ वटा आयुर्वेद औषधालय मार्फत नियमित आयुर्वेद स्वास्थ्य सेवा प्रदान गरिएको।
- कोभिड १९ विरुद्धको खोपहरु नियमित रुपमा सञ्चालन तथा व्यवस्थापन गरिएको।

## अपांगता सहायता सम्बन्धी कार्यहरु

### अपांगता परिचय पत्र वितरणको अवस्था

| विवरण | २०७९/०८० दोस्रो त्रैमासिकसम्म | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| पूर्ण अशक्त अपांगता रातो कार्ड ( क वर्ग) | १५ | १७ | ३२ |
| अति अशक्त अपांगता निलो कार्ड (ख वर्ग) | ४३ | ७३ | ११६ |
| मध्यम अपांगता (ग वर्ग) | १८ | २६ | ४४ |

| | | | |
|---|---|---|---|
| सामान्य अपांगता (घ वर्ग) | २ | १ | ३ |
| **जम्मा** | ७८ | ११७ | १९५ |

- मध्यम अपांगता भएका व्यक्तिहरुको लागि नि:शुल्क स्वास्थ्य बिमा कार्यक्रम अन्तर्गत ६० जना लाभान्वित भएका र रु ४२००० खर्च भएको ।
- माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरुका लागि अन्तरपुस्ता सीप हस्तान्तरण एवम् अनुभव आदानप्रदान कार्यक्रम अन्तर्गत २४५ जना लाभान्वित भएको।
- छोरी जीवन वीमा अन्तर्गत १५० निबेदन मध्ये ७२ जनाको पोलिसी जारी र हस्तान्तरण भएको।

**गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत**

- वडास्तरीय अभिमुखीकरण कार्यक्रमः २ पटक
- उद्यमशिलता विकास तालिम (एकपटक): ३० जना

**सामाजिक सुरक्षा भत्ता वितरणको अवस्था :**

| विवरण | आ को प्रथम त्रैमासिककोद०/२०७९ .वा. | |
|---|---|---|
| | जम्मा लाभग्राही | प्रदान गरिएको रकम |
| ज्येष्ठ नागरिक भत्ता (७० वर्ष भन्दा माथि) | १६,१९४ | १८,४२,८१,२२७ |
| ज्येष्ठ नागरिक भत्ता दलित | १,२६७ | ९८,६८,८५७ |
| एकल महिला (६० वर्ष भन्दा माथि) | २२५५ | १,७८,३४,४४२ |

| | | |
|---|---|---|
| विधवा महिला | ३३३६ | २,६३,२३,३६० |
| पूर्ण अपांगता ( क वर्ग) | ३५८ | ४१,८२,८५० |
| अति अशक्त अपांगता ( ख वर्ग) | १०९३ | ६७,६४,९१२ |
| लोपोन्मुख आदिबासी जनजाती | २ | २३९४० |
| दलित बालबालिका पोषण भत्ता (५ वर्ष मुनिका) | ११८८ | १७,९६,७५३ |
| **जम्मा** | **३५,६९३** | **२५,१०,७६,३४१** |

- वडा नं. १८,१९,२१,२४ मा सुरक्षित आप्रवासन (सामी) कार्यक्रम संचालन गरिएको ।
- ४ वटा वडामा वित्तीय साक्षरता कक्षा संचालन।
- टोल विकास संस्थाका पदाधिकारीहरुलाई २ दिने क्षमता विकास तालिम संचालन गर्न कार्यक्रम स्वीकृत गरी प्रक्रिया अगाडि बढेको।

**आर्थिक विकास महाशाखा**

**कृषि शाखातर्फ**

**क) <u>स्थानीय तहको कार्यक्रमहरु</u>**

- व्यावसायिक खेती गर्ने कृषकहरुको लागि ढुवानी साधनमा साझेदारी कार्यक्रममा ३० लाख बजेट व्यवस्था भएको र कार्यक्रम संचालनको लागि सूचना प्रकाशन गरी सूचना आवेदन माग गरिएकोमा २० वटा प्रस्ताव पेश भएको, सो प्रस्तावहरुको मूल्यांकनको लागि फिल्ड अनुगमन कार्य भइरहेको ।
- कृषि कार्यमा प्रयोग हुने औजार उपकरण तथा अटयाचमेन्टहरुमा अनुदान उपलब्ध गराउने कार्यक्रममा ९० लाख बजेट व्यवस्था भएको र कार्यक्रम संचालनको लागि सूचना प्रकाशन गरी आवेदन माग गरिएकोमा १५२ वटा प्रस्ताव पेश भएको, सो प्रस्तावहरुको मूल्यांकनको लागि फिल्ड अनुगमन कार्य भइरहेको ।
- साना सिंचाई, मझौला सिंचाई निर्माण तथा मर्मत सम्भार कार्यक्रमको लागि अनुदान कार्यक्रममा १ करोड ५० लाख बजेट व्यवस्था भएको र कार्यक्रम संचालनको लागि

सूचना प्रकाशन गरी आवेदन माग गरिएकोमा ४३२ वटा प्रस्ताव पेश भएको, सो प्रस्तावहरुको मूल्यांकनको लागि फिल्ड अनुगमन कार्य भइरहेको।

- आई.पि.एम कृषक पाठशाला संचालन कार्यक्रममा १२ लाख बजेट व्यवस्था भएको र कार्यक्रमको संचालनको लागि सूचना प्रकाशन गरी आवेदन माग गरिएकोमा ११ वटा प्रस्ताव पेश भएको, सो प्रस्तावहरुमा १० वटा कृषक पाठशाला छनोट गरी कृषक सहजकर्ता तोकिएको ।
- उन्नत बीउमा कृषकलाई अनुदान कार्यक्रम (गहूँ/तोरी/गाजर) मा २० लाख बजेट व्यवस्था भएको र ९२ वटा कृषक समूह/सहकारीलाई उपलब्ध गराईएकोमा र कार्यक्रम सम्पन्न भएको ।

ख) **<u>प्रदेश सरकार शसर्त अनुदान</u>**

- कृषि पर्यटन प्रवर्द्धन कार्यक्रम-स्ट्रवरिमा आधारित, कागति खेती प्रवर्द्धन कार्यक्रम, कृषि पुर्वाधार विकास कार्यक्रम- टिस्युकल्चर ल्यावको पुर्वाधार विकास, तरकारी तथा आलु भण्डारमा शीत भण्डार फ्रोजन चेम्बर निर्माण सहयोग र बायो फर्टिलाइजर कारखाना स्थापना कार्यक्रममा १ करोड १५ लाख बजेट व्यवस्था भएको र कार्यक्रम संचालनको लागि सूचना प्रकाशन गरी आवेदन माग गरिएकोमा ५ वटा प्रस्ताव पेश भएको, सो प्रस्तावहरुको मुल्याङ्कनको लागि फिल्ड अनुगमन कार्य भइरहेको।

ग) **<u>संघीय सरकार शसर्त अनुदान</u>**

- आ.व. २०७९/०८० मा नयाँ धान बाली पकेट विकास कार्यक्रम, नयाँ केरा बाली विकास कार्यक्रम र बीउ भण्डारण गृह निर्माण निरन्तरता कार्यक्रममा ७६ लाख बजेट व्यवस्था भएको र कार्यक्रम संचालनको लागि सूचना प्रकाशन गरी आवेदन माग गरिएको ।

**पशु विकास सेवा कार्यक्रम तर्फ**

- २६,३०६ विरामी पशुवस्तुहरुको उपचार गरिएको।
- ३,२४३ पशुवस्तुहरुको सर्जिकल उपचार गरिएको।
- २,६३३ गोबरको प्रयोगशाला परिक्षण गरिएको।
- ८२१७ गाइ, ९९० भैसी र ३१ बाखा गरी ९२३८ पशुहरुमा कृतिम गर्भाधान गरिएको
- ५,४९७ पशुवस्तुहरुमा खोप लगाइएको ।

**सामान्य प्रशासन महाशाखा**

- जनप्रतिनिधि तथा कर्मचारीको सम्पति विवरण संकलन गरी सम्बन्धित निकायमा पठाएको ।
- कर्मचारीको कार्यसम्पादन मुल्याङ्कनको फारम संकलन गरी सम्बन्धित निकायमा पठाइसकेको।
- नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत बिच, प्रमुख प्रशासकीय अधिकृत र महाशाखा प्रमुखहरु बिच र प्रमुख प्रशासकीय अधिकृत र वडा सचिवहरु बिच कार्य सम्पादन करार सम्झौता सम्पन्न भएको ।
- सेवा प्रवाहलाई सहज बनाउन ९ वटा भुक्तानी सेवा केन्द्र स्थापना गरी सञ्चालनमा आउने क्रममा रहेको ।

**महानगर प्रज्ञा प्रतिष्ठानको कार्यक्रम**

- भुपि जयन्तीको अवसरमा राष्ट्रव्यापी कविता प्रतियोगिता सम्पन्न
- नारायणगोपाल स्मृति साँझ
- मोति जयन्तीको उपलक्ष्यमा गजल प्रतियोगिता सम्पन्न ।

**शासकीय सुधार इकाइ/ उपभोक्ता हित संरक्षण शाखा**

- भरतपुर महानगरपालिका भित्र परेका उजुरी तथा गुनासोको सम्वोधन: ५० वटा
- विज्ञ सहितको टोलीबाट बजार अनुगमन: २९२ वटा पसल/व्यवसाय

**कानूनी मामिला शाखा**

**न्यायिक समिति**

| विवरण | दर्ता | फछ्र्यौट | कैफियत |
|---|---|---|---|
| फिराद पत्र | ३ | ३ | अघिल्लो आ.व. बाट जिम्मेवारी सरोट |

| | | | |
|---|---|---|---|
| | | | मध्ये |
| ठाडो उजुरी | २५ | १० | मेलमिलाप पद्दतीबाट |
| मौखिक गुनासो | ६ | ६ | गुनासो सम्वोधन |

- **विधायन समिति**

| विवरण | संख्या | कैफियत |
|---|---|---|
| ऐन | २ | |
| कार्यविधि | ६ | |
| निर्देशिका | १ | |
| मापदण्ड | १ | |

**सहरी पूर्वाधार विकास/योजना अनुगमन तथा सूचना प्रविधि महाशाखा**

**मर्मत सम्भार शाखा**

- ऋतु मार्ग अन्तर्गत फुलबारी चोक देख विष्णुचोक तर्फ सडक पिच पुनः निर्माण को बार्षिक लक्ष्य ०.७६२ कि.मि रहेकोमा पहिलो चौमासिकमा लागत अनुदान भएर ठेक्का प्रक्रियामा रहेको।
- Blacktopped Road Maintenance Works Different ward at Bharatpur metropolitan city-Package-1(2079/080) अन्तर्गत बार्षिक लक्ष्य ५.१७४ कि.मि रहेकोमा पहिलो चौमासिकमा लागत अनुमान भएर ठेक्का प्रक्रियामा रहेको।

**योजना तथा बजेट शाखा**

उपभोक्ता समितिबाट भएका कार्यको प्रगति

- वडास्तरीय योजना सम्झौता २५ लाख माथि- ५ वटा
- नगरस्तरीय योजना सम्झौता- ४५ वटा
- संघीय सरकारबाट हस्तान्तरित योजना- ४ वटा
- प्रदेश सरकारबाट हस्तान्तरित योजना- २ वटा

**खरिद इकाई**

- ३२ वटा योजना तथा कार्यक्रम ठेक्कामार्फत संचालन भइरहेको
- पुराना ठेक्का प्रक्रियामा रहेका योजनाहरुको नियमानुसार फरफारक, म्याद थप र भुक्तानीको लागि सिफारिस गरिएको
- तोकिएको समयमा कार्य सम्पन्न नगरेका र निर्माण कार्य अलपत्र पारेका निर्माण ब्यबसायीहरुको सार्बजनिक खरिद नियमावली २०६४ बमोजिम कारबाही प्रक्रिया अगाडी बढाउन सिफारिस गरिएको

**वातावरण तथा विपद व्यवस्थापन महाशाखा**

- भरतपुर महानगरपालिका तथा राष्ट्रपति चूरे संरक्षण कार्यक्रम कार्यान्वयन समिति बीच बाईपासको डिभाईडरमा घेरा बार सहित विरुवा तथा कार्पेट ग्रास रोपणका लागि सम्झौता गरी सोहि सम्झौता पत्र बमोजिम उपभोक्ता समिति मार्फत कार्यक्रम थालनी भइसकेको।
- वडा नं.२५ स्थित बयरघारी पार्क निर्माणका लागि भरतपुर महानगरपालिका तथा पर्यटन बोर्ड बीच कूल खर्चको ५०/५० प्रतिशतको लागत सहभागितामा सम्पन्न हुने गरी काम सम्पन्न भईसकेको।
- अटोल्यान्ड निर्माणको कार्यसूची प्रतिवेदनमा सच्याउनु पर्ने बूदाँहरु वन तथा वातावरण मन्त्रालय, हेटौडा पठाई सकेको र पुनः स्विकृतिका लागि पेश गरिएको।
- कार्यालय परिसर तथा चौविसकोठी चोकको पार्कमा फूलका विरुवा रोपण गरिएको।

**विपद व्यवस्थापन शाखा**

- विपदमा परेका ११५ जनालाई २१ लाख ६५ हजार ५०० रुपैया राहत वितरण गरिएको।
- चितवनका ७ वटै पालिकाका प्रतिनिधि र अन्य सरोकारवालासित अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको ।

**भू-उपयोग तथा वस्ती विकास शाखा**

- नापी विभागको विज्ञ सहित अन्तर्क्रिया कार्यक्रम गरिएको ।
- हरेक वार्डमा सरोकारवालाहरु संग छलफल गरी भू-उपयोग वर्गीकरण कामको सुरुवात गरिएको ।
- पञ्च बर्षीय आवधिक विकास गुरुयोजना तयार भएको ।
- केरुङ्गा खोला सौन्दर्यीकरणको अन्तिम प्रतिबेदन प्राप्त भएको ।
- महानगरपालिका भित्रका सडकको चौडाई निर्धारण गर्न नगर यातायात गुरुयोजना तयार भएको।
- वडा नं २३ मा सरस्वती माध्यमिक विद्यालयको Gate design तयार गरिएको।
- वडा नं २ मा कबर्ड हलको design तयार।
- खुला व्यायामशाला निर्माणको कार्य प्रारम्भ ।

**भवन तथा भवन संहिता एवं निर्माण इजाजत (डिजाइन) समेत शाखा**

- नयाँ नक्सा दर्ताः ३३३ वटा
- नक्सा पासः ५०१ वटा
- नामसारी, कित्ता संसोधन प्रतिलिपि, नक्सा संशोधनः १९८
- निर्माण सम्पन्नः ६०९

भूमि व्यवस्थापन (नाप नक्सा इकाई)

- जग्गा वर्गीकरण (कृषि तथा गैर कृषि क्षेत्र) ११८८
- बाटो लगत कट्टा : ५९
- नक्सापास, जग्गा किनबेच र धितो मुल्यांकन प्रयोजनको लागि बाटो लगत कट्टः १२०

८. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद

कार्यालय प्रमुखः नरेन्द्रकुमार राना, प्रमुख प्रशासकीय अधिकृत (रा.प.प्रथम, सहसचिव) (९८५७८२२८६८)

सूचना अधिकारी: मेनका पण्डित, अधिकृतस्तर सातौं (९८५५०९२२०१)

९. आम्दानी, खर्च तथा आर्थिक कारोवारसम्बन्धी अद्यावधिक विवरण

२०७९ कार्तिक १ गते देखि २०७९ पौष मसान्तसम्मको आय विवरण :

| सि.नं. | आय शीर्षक नाम | संकलित रकम (रु.) |
|---|---|---|
| १ | सम्पत्ति कर | १,५८,१०,००२.३७ |
| २ | भुमिकर/मालपोत | ९४,४५,६८५.८३ |
| ३ | वहाल कर | २,६१,८३,८६८.०६ |
| ४ | शिक्षा क्षेत्रको आम्दानी | ३९,१००.०० |
| ५ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | १,७७,५८,६६०.०० |
| ६ | सरकारी सम्पत्ति वहालबाट प्राप्त आय | १३,८६,५३९.०० |
| ७ | घरजग्गा रजिष्ट्रेशन | ३३,९५०.०० |
| ८ | अन्य बिक्रीबाट प्राप्त रकम | ४५,०००.०० |
| ९ | विद्युत सेवा शुल्क | ६८,३५५.०० |
| १० | अन्य सेवा शुल्क | २८,९३,३७०.०० |
| ११ | कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक | ४४,२७५.०० |

| | | |
|---|---|---|
| १२ | नक्सापास दस्तुर | १,४३,२०,४२७.६४ |
| १३ | सिफारिश दस्तुर | १,४५,३२,९२५.४४ |
| १४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ६,०७,१७५.०० |
| १५ | नाता प्रमाणित दस्तुर | ११,२७,५७५.०० |
| १६ | अन्य दस्तुर | १,१४,४४,८९१.०० |
| १७ | प्रशासनिक दण्ड ,जरिवाना र जफत | १४,६७,२८५.०० |
| १८ | पार्किंग शुल्क | ५२,००,०००.०० |
| मिति २०७९/०७/०१ देखि २०७९/०९/३० सम्मको जम्मा रु. | | १२,२४,०९,०८४.३४ |
| मिति २०७९/०४/०१ देखि २०७९/०६/३१ सम्मको अ.ल्या जम्मा रु. | | १३,३६,९४,७०३.९८ |
| जम्मा | | २५,६१,०३,७८८.३२ |

**व्यय विवरण :**

२०७९ को दोस्रो त्रैमासिकको खर्च विवरण

| **विनियोजित रकम** | **बार्षिक बजेट (रु हजारमा)** | **खर्च रकम (रु हजारमा)** |
|---|---|---|
| १. चालुतर्फ | २,५३,१३,५८,००० | ७५,६१,३३,६७०.३७ |
| २.पूंजीगततर्फ | ३,३१,२८,९८,००० | ४७,२३,१९,५५७ |

**१०. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विषय:**

| क्र स | सूचना माग गर्नेको विवरण | सूचना माग विवरण | दर्ता मिति | दर्ता नं. | कार्वान्वियनको अवस्था |
|---|---|---|---|---|---|
| १ | दीपक आचार्य | विभिन्न सूचनाहरू माग भएको | २०७९/०९/१३ | ८२३२ | प्रक्रियामा रहेको |